31st of July 2026 (Friday)

यो आकाशवाणी हो

मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुद्वारा जरा स्तरका नवप्रवर्तकहरूको योगदानको प्रशंसा।।
- परीक्षा प्रणालीलाई विश्वसनीय बनाउन सरकारका सुधार जारी।।
- प्रधानमन्त्री मोदी भोलि आन्ध्र प्रदेश र कर्नाटक भ्रमणमा।।
- तीन महत्त्वपूर्ण योजनामा मन्त्रिपरिषद्को हरियो झन्डा।।
- महाराष्ट्रको भवन दुर्घटनामा नौ जनाको मृत्यु।।

----------

राष्ट्रपति द्रौपदी मुर्मु

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा अटल इनोभेसन मिसनका जरा स्तरका नवप्रवर्तकहरूसँग भेटघाट गर्नुभयो र उनीहरूले विकास गरेका नवीन आविष्कारहरूको प्रदर्शनी अवलोकन गर्नुभयो।

भेटका क्रममा राष्ट्रपति मुर्मुले स्थानीय अनुभव, वैज्ञानिक सोच, व्यक्तिगत सिर्जनशीलता र सामाजिक उत्तरदायित्वको भावनामा आधारित यस्ता नवप्रवर्तन समाजका आवश्यकता पूरा गर्न निकै उपयोगी हुने बताउनुभयो।

उहाँले चुनौतीका बीच पनि दृढ विश्वासका साथ काम गर्दै व्यक्ति, परिवार र समुदायको जीवनमा सकारात्मक परिवर्तन ल्याउन योगदान पुऱ्याएका नवप्रवर्तकहरूको प्रयासको प्रशंसा गर्नुभयो।

## प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदीले परीक्षा प्रणालीलाई विश्वसनीय बनाउन सरकारले निरन्तर सुधारका कदम चालिरहेको बताउनुभएको छ।

सामाजिक सञ्जालमार्फत भिडियो सन्देश दिँदै उहाँले प्रश्नपत्र चुहावटको समस्याले वर्षौँदेखि विद्यार्थीको भविष्य प्रभावित हुँदै आएको उल्लेख गर्नुभयो। त्यसैले शिक्षा र परीक्षा प्रणालीमा सुधार आवश्यक रहेको उहाँको भनाइ छ।

प्रधानमन्त्री मोदीले प्रश्नपत्र चुहावट रोक्न कडा कानुनी व्यवस्था गरिएको र प्रविधिमा आधारित पारदर्शी परीक्षा प्रणाली तथा परीक्षा माफियाविरुद्ध कडा कारबाही गरिने बताउनुभयो।

## प्रधानमन्त्री नरेन्द्र मोदी

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि एकदिने भ्रमणका क्रममा आन्ध्र प्रदेश र कर्नाटक जानुहुनेछ।

आन्ध्र प्रदेशमा उहाँले भोगापुरम अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गर्नुका साथै विशाखापट्टनममा राज्यकै पहिलो सेमिकन्डक्टर उत्पादन केन्द्रको शिलान्यास गर्नुहुनेछ। साथै नवीकरणीय ऊर्जासम्बन्धी प्रसारण परियोजना र करिब एक हजार 880 करोड रुपैयाँ बराबरका राष्ट्रिय राजमार्ग परियोजनाको उद्घाटन तथा शिलान्यास पनि गर्नुहुनेछ।

त्यसपछि प्रधानमन्त्री मोदी कर्नाटकको मैसुर पुगेर स्वामी विवेकानन्द सांस्कृतिक युवा केन्द्र 'विवेक स्मारक'को उद्घाटन गर्नुका साथै कार्यक्रमलाई सम्बोधन गर्नुहुनेछ।

## मन्त्री अश्विनी वैष्णव

केन्द्रीय मन्त्रिपरिषद्ले सन् 2026–27 देखि 2030–31 सम्मका लागि विस्तारित खेलो इन्डिया योजना, प्रधानमन्त्री सूर्य सरोवर योजना र प्रधानमन्त्री किसान सम्मान निधि योजनालाई स्वीकृति दिएको छ।

नयाँ दिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्दै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले खेलो इन्डिया योजनाका लागि 36 हजार 441 करोड रुपैयाँ छुट्याइएको बताउनुभयो। उहाँले यस योजनाले आधारभूत तहदेखि ओलम्पिक तयारीसम्म खेल पूर्वाधार विकास गरी प्रतिभावान खेलाडीलाई उत्कृष्ट प्रदर्शनका लागि अवसर उपलब्ध गराउने जानकारी दिनुभयो।

मन्त्रिपरिषद्ले पाँच हजार 70 करोड रुपैयाँ लागतको प्रधानमन्त्री सूर्य सरोवर योजना पनि स्वीकृत गरेको छ। यसअन्तर्गत पाँच हजार मेगावाट क्षमताका तैरिने सौर्य ऊर्जा परियोजना विकास गरिनेछ।

यसैगरी, प्रधानमन्त्री किसान सम्मान निधि योजना आगामी पाँच वर्ष निरन्तर सञ्चालन गर्न तीन लाख 15 हजार करोड रुपैयाँ स्वीकृत गरिएको छ। सरकारले प्रत्यक्ष लाभ हस्तान्तरण प्रणालीमार्फत किसानलाई आर्थिक सहायता उपलब्ध गराउँदै आएको जनाएको छ।

## महाराष्ट्रको भिवण्डी

महाराष्ट्रको भिवण्डीमा गएराति चारतले कोहिनूर भवन भत्किँदा कम्तीमा नौ जनाको मृत्यु भएको छ। घाइतेहरूको उद्धार र राहत कार्य तीव्र रूपमा जारी छ।

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री मोदीले मृतकका परिवारलाई दुई लाख रुपैयाँ र घाइतेलाई 50 हजार रुपैयाँ राहत दिने घोषणा गर्नुभएको छ।

मुख्यमन्त्री देवेन्द्र फडणवीसले भवनलाई यसअघि नै जीर्ण घोषणा गरिएको र केही परिवारले खाली नगरेको बताउनुभयो। भवनमा मानिस बसिरहेकै अवस्थामा मर्मत गर्ने ठेकेदारविरुद्ध मुद्दा दर्ता गरिने पनि उहाँले जानकारी दिनुभयो।

## रक्षामन्त्री राजनाथ सिंह

रक्षामन्त्री राजनाथ सिंहले भारतीय सेनाका पूर्व प्रमुख जनरल विश्वनाथ शर्माको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।
सामाजिक सञ्जालमार्फत उहाँले जनरल शर्मालाई राष्ट्रप्रति समर्पित, साहसी र सम्मानित सैनिक नेतृत्वका रूपमा स्मरण गर्नुभयो।
रक्षामन्त्री सिंहले जनरल शर्माले परमवीर चक्रका पहिलो प्राप्तकर्ता आफ्ना दाजु मेजर सोमनाथ शर्माको गौरवशाली परम्परालाई पनि उच्च सम्मानका साथ अगाडि बढाएको बताउनुभयो। उहाँले जनरल शर्माको भारतीय सेनाप्रतिको योगदान भावी पुस्ताका लागि प्रेरणाको स्रोत रहने उल्लेख गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्नुभयो।

## जन्म तथा मृत्यु दर्ता (संशोधन)

नीट परीक्षासम्बन्धी विद्यार्थी प्रदर्शनमा प्रहरी कारबाही भएको आरोपलगायतका विषयमा विपक्षी दलको विरोधपछि संसदका दुवै सदन आज दिनभरका लागि स्थगित भएका छन्।
लोकसभाले हंगामाकै बीच जन्म तथा मृत्यु दर्ता (संशोधन) विधेयक–2026 पारित गरेको छ।
विधेयकले ढिलो गरी जन्म वा मृत्यु दर्ता गर्ने प्रक्रियालाई थप कडा बनाउने व्यवस्था गरेको छ।
संसदीय कार्यमन्त्री किरेन रिजिजुले महत्वपूर्ण विधेयकमाथिको छलफलमा सहभागी नभएको भन्दै विपक्षीको आलोचना गर्नुभयो।

यसैबीच, राज्यसभाको बैठक पनि विपक्षीको अवरोधका कारण अगस्ट ३ सम्मका लागि स्थगित गरिएको छ।

## मन्त्री डा. एस. जयशंकर

विदेशमन्त्री डा. एस. जयशंकरले भारतले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा सुदृढ बनाउन संयुक्त राष्ट्रसंघलाई निरन्तर सहयोग गर्दै आएको बताउनुभएको छ।

लोकसभामा लिखित जवाफ दिँदै उहाँले भारतले सन् 2027–29 का लागि संयुक्त राष्ट्र सुरक्षा परिषद्को सदस्य पदका लागि उम्मेदवारी दिएको जानकारी दिनुभयो।

उहाँले हाल चार हजार दुई सयभन्दा बढी भारतीय शान्ति सैनिक संयुक्त राष्ट्रसंघका नौ वटा शान्ति मिसनमा कार्यरत रहेको बताउनुभयो। जयशंकरले आतंकवादविरुद्ध शून्य सहनशीलताको नीति र विवाद समाधानका लागि संवाद तथा कूटनीतिलाई भारतले सधैं प्राथमिकता दिएको पनि उल्लेख गर्नुभयो।

## केजिया क्षेत्री

सिक्किमकी २१ वर्षीया केजिया क्षेत्री राष्ट्रपति भवनमा आयोजित राष्ट्रपति द्रौपदी मुर्मुको होम रिसेप्सन कार्यक्रममा निमन्त्रणा पाउने राज्यकै सबैभन्दा कान्छी व्यक्ति बनेकी छन्।

पश्चिम पान्दामको साउने निवासी केजिया हाल फिजियोथेरापी विषयको चौथो वर्षमा अध्ययनरत छन्। उनी भारत सरकारको युवा मामिला तथा खेल मन्त्रालयद्वारा युथ आइकन का रूपमा सम्मानित भइसकेकी छन्।

केजियाले यसअघि विकसित भारत युवा संसद र विकसित भारत यङ लिडर्स डाइलगमा सिक्किमको प्रतिनिधित्व गरेकी थिइन्। उनको यो उपलब्धिले सिक्किमका युवाका लागि प्रेरणादायी उदाहरण बनेको छ।

## पाकिस्तानको ब्रोड पिक

पाकिस्तानको ब्रोड पिक हिमालमा हिमपहिरो जाँदा चर्चित पर्वतारोही निर्मल पुर्जासहित 10 जना आरोही बेपत्ता भएका छन्। हिमपहिरो करिब सात हजार मिटर उचाइमा हिजो गएको थियो।

खोज तथा उद्धार कार्य जारी रहे पनि खराब मौसमका कारण हेलिकप्टर परिचालन गर्न कठिनाइ भइरहेको छ। उद्धारका क्रममा हालसम्म चार जनाको शव फेला परेको अधिकारीहरूले जनाएका छन्।

## अखिल भारतीय फुटबल महासंघ

पाँच पटकको फिफा विश्वकप विजेता ब्राजिलको पुरुष राष्ट्रिय फुटबल टोलीले आगामी अक्टोबर ३ मा कोलकाताको साल्ट लेक रंगशालामा भारतसँग मैत्रीपूर्ण खेल खेल्ने भएको छ।

अखिल भारतीय फुटबल महासंघका अनुसार ब्राजिल र भारतका पुरुष राष्ट्रिय टोलीबीच हुने यो पहिलो भेट हुनेछ। ब्राजिलले भारत आउनुअघि अस्ट्रेलियासँग दुई मैत्रीपूर्ण खेल खेल्ने कार्यक्रम रहेको छ।

------------